निर्णयहरू:-

१. COVID-19 को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारद्वारा मिति २०७६ चैत्र २५ गते राती १२:०० बजेसम्म थप गरिएको लकडाउनलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्ने, गराउने ।

२. जिल्ला समन्वय समितिले स्थानीय तहका वडास्तरीय समिति मार्फत रोजगारीको अभावमा गुजारा चलाउन नसक्ने व्यक्तिहरूको लगत संकलन गर्ने र त्यस्ता व्यक्तिहरूलाई वडास्तरीय समिति मार्फत न्यूनतम दैनिक उपभोग्य वस्तुहरूको Package उपलब्ध गराउने व्यवस्था मिलाउने । साथै, सो को विवरण दैनिकरूपमा जिल्ला प्रशासन कार्यालय, मकवानपुरमा उपलब्ध गराउने ।

३. सहायताको नाममा आफू खुसी सहायता वितरणमा रोक लगाई सहायता दिन चाहेमा स्थानीय तहमा सम्पर्क राख्न लगाउने । सहयोगको नाममा चन्दा उठाउने कार्य प्रहरी प्रशासनमार्फत तत्काल रोक लगाउने ।

४. मकवानपुर उद्योग वाणिज्य संघले जिल्लामा दैनिक उपभोग्य वस्तुहरूको मौज्दात अध्यावधिक गरी सार्वजनिक गर्ने ।

५. आयातकर्ता र उद्योगपतिहरूले २०७६ चैत्र ११ गते पछि मूल्य बढाएको भए चैत्र ११ अघि र पछिको मूल्य बारे मकवानपुर उद्योग वाणिज्य संघले लगत संकलन गरी प्रत्येक दिन जिल्ला प्रशासन कार्यालयमा विवरण पेश गर्ने ।

६. व्यक्तिहरूलाई एकै स्थानको क्वारेन्टाइनमा राख्दा संक्रमणको जोखिम झन बढ्नसक्ने हुँदा जोखिम न्यूनिकरणका लागि सम्बन्धि स्थानीय तहका वडाहरूले सम्बन्धित ठाउँमा नै क्वारेन्टाइनको व्यवस्था मिलाउन आवश्यक तयारी गर्ने ।

७. भारत र तेस्रो मुलुकबाट चैत्र १ गते पश्चात् मकवानपुर जिल्लामा आएका व्यक्तिहरूको संख्या, तिनीहरुको स्वास्थ्य अवस्था, यस जिल्लामा स्थापना गरिएको क्वारेन्टाइन, Isolation Ward र ICU Ward को संख्या र तिनमा राखिएका व्यक्तिहरूको संख्या र स्वास्थ्य परीक्षण सम्बन्धी Report देहाय बमोजिम रहेको व्यहोरा बैठकमा अवगत गराइयो ।

२०७६।१२।१८

दिपक राज

जिल्ला अधिका

भारत र तेस्रो मुलुकबाट चैत्र १ गते पश्चात् मकवानपुर जिल्लामा आएका व्यक्तिहरूको संख्या, तिनीहरुको स्वास्थ्य अवस्था, यस जिल्लामा स्थापना गरिएको क्वारेन्टाइन, Isolation Ward र ICU Ward को संख्या र तिनमा राखिएका व्यक्तिहरूको संख्या र स्वास्थ्य परीक्षण सम्बन्धी Report को विवरण

| क्र.सं. | स्थानीय तह | विदेशबाट आएकाहरूको संख्या | विदेशबाट आएकाहरूको प्रारम्भिक Screening गरिएको संख्या | प्रारम्भिक Screening गरिएकाहरूको स्वास्थ्य अवस्था | स्थापित क्वारेन्टाइन/Isolation/ICU को संख्या | क्वारेन्टाइन तथा Isolation मा रहेकाको संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | हेटौडा उ.म.न.पा. | १४७ | १४७ | सामान्य रहेको | -हेटौडा एकेडेमिमा १०० बेडको क्वारेन्टाइन सञ्चालन गर्न सकिने अवस्थामा तयार गरिएको।<br>-४ ICU सहित ३४ Isolation Bed श्रमिक मा.वि.मा तयार गरिएको) | २ जना क्वारेन्टाइन र २ जना Isolation मा रहेका र बाँकी होम क्वारेन्टाइनमा रहेका | ४ जना Isolation मा रहेकोमा २ जना डिस्चार्ज भई होम क्वारेन्टाइनमा रहेको । |
| २. | थाहा न.पा. | ७४ | ७४ | सामान्य रहेको | ओम रिसोर्टमा २५ कोठामा क्वारेन्टाइन सञ्चालनको व्यवस्था मिलाइएको | सबै होम क्वारेन्टाइनमा रहेका | |
| ३. | कैलाश गा.पा. | ५ | ५ | सामान्य रहेको | - | सबै होम क्वारेन्टाइनमा रहेका | |
| ४. | ईन्द्रसरोवर गा.पा. | १६ | १६ | समान्य रहेको | - | सबै होम क्वारेन्टाइनमा रहेका | |
| ५. | भिमफेदी गा.पा. | १४ | १४ | सामान्य रहेको | - | सबै होम क्वारेन्टाइनमा रहेका | |
| ६. | मनहरी गा.पा. | ६६ | ६६ | सामान्य रहेको | अग्नीहोत्री आश्रममा २५ बेडको क्वारेन्टाइनको व्यवस्था मिलाइएको । | सबै होम क्वारेन्टाइनमा रहेका | स्थानीय एक र विदेशबाट आएका एक गरी दुई जनालाई थप परीक्षणको लागि भरतपुर रिफर गरिएकोमा स्वास्थ्य परीक्षण पश्चात् Report Negative आएको। |
| ७. | राक्सीराङ गा.पा. | १ (कतार) | १ | सामान्य रहेको | - | होम क्वारेन्टाइनमा रहेको | |
| ८. | मकवानपुरगढी गा.पा. | ५ | ५ | सामान्य रहेको | - | सबै होम क्वारेन्टाइनमा रहेका | |
| ९. | बकैया गा.पा. | १२ | १२ | सामान्य रहेको | छतिवनमा ४ Isolation Bed को व्यवस्था गरिएको । | सबै होम क्वारेन्टाइनमा रहेका | |
| १०. | बागमती गा.पा. | १४ | १४ | सामान्य रहेको | - | एक जना काठमाडौंमा क्वारेन्टाइनमा बसी आएको ।बाकी होम क्वारेन्टाइनमा रहेका | |

अन्य विवरण:-

१. लायन्स क्लवबाट श्रमिक मा.वि. मा स्थापना गरिएको Isolation Ward लाई ८ थान PPE र ४० थान स्यानीटाइजर प्रदान गरिएंको ।

२०७६।१२।१८